नेपाल सरकार

उद्योग मन्त्रालय

# कम्पनी रजिष्ट्रारको कार्यालय

त्रिपुरेश्वर, काठमाण्डौं

## कार्यालयमा पेश गर्ने कागजात नेपाली भाषामा अनुवाद गरी पेश गर्ने सम्वन्धी सूचना

कम्पनीहरुले कार्यालयमा पेश गर्ने नियमीत कागजातहरु (जस्तैः कम्पनीको साधारण सभाको निर्णय पुस्तिका वा निर्णय उतार, संचालन समीतीको निर्णय, शेयर लगत, शेयर खरिद बिक्री सम्बन्धी कागजात, कम्पनीको वार्षिक विवरणहरु, कम्पनीको प्रबन्धपत्र, नियमावली, सो मा भएको संशोधन र कार्यालयमा दिने निवेदन लगायतका कागजात) समेत नेपाली भाषा वाहेक अन्य भाषा खासगरी अंग्रेजी भाषामा पेश गर्ने गरेको सर्न्दभमा नेपालको संविधानको धारा ७ अनुसार सरकारी कामकाजको भाषा देवनागरी लिपिमा लेखिने नेपाली भाषा हुनेछ भन्ने उल्लेख भएको र उर्ल्लेखित कागजातहरुका आधारमा कार्यालयले विभिन्न निर्णय गर्नु पर्ने हुँदा पेश भएका कागजातको व्यहोरा नै नबुझी निर्णय गर्न असहज समेत हुने भएकोले कम्पनीले यस कार्यालयमा पेश गर्ने कागजातहरु नेपाली भाषा बाहेक अन्य भाषामा तयार गरेको भए प्रचलित कानून वमोजिम अधिकार प्राप्त नोटरी पब्लिकवाट अनुवाद गरीएको प्रमाणीत प्रतिलिपी पेश गर्नुहुन सम्वन्धित सवैलाई सूचित गरीन्छ । नेपाली भाषा वाहेक अन्य भाषामा कागजात पेश भएमा त्यस्तो कागजात कार्यालयबाट स्वीकार नहुने र त्यस्तो अन्य भाषाको कागजातको आधारमा कुनै निर्णय नहुने व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

रजिष्ट्रार

मिति : २०७४/१०/१४